# राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
पुल्चोक, ललितपुर, नेपाल (Pulchowk, Lalitpur, Nepal)


## प्रेस-नोट

१६ मङसिर, २०८२

### स्व. दयाराम परियार स्मृति सम्मान लिम्बूलाई
### मानव अधिकार पुरस्कार ढुङ्गानालाई

राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकारको संरक्षण र संवर्द्धनका लागि योगदान गर्ने मानव अधिकारकर्मीलाई २०८२ सालमा प्रदान गर्ने सम्मान र पुरस्कारको निर्णय गरेको छ ।

आयोगका दिवंगत कर्मचारी स्व. दयाराम परियारको नाममा स्थापित **स्व. दयाराम परियार स्मृति सम्मान - २०८२**, मानव अधिकार विशेषत: आदिवासी जनजातिको अधिकारका लागि लामो समयदेखि अनवरत रुपमा कार्यरत श्री शङ्कर लिम्बू (इलाम) लाई प्रदान गरिने भएको छ ।

यसैगरी, दुर्गममा रहेर पत्रकारिताको माध्यमबाट मानव अधिकारका विषयवस्तु, विशेषत: महिला अधिकार र न्यायप्राप्त गर्नबाट वञ्चितहरुका सवाललाई जुझारु रुपमा उठान गर्ने पत्रकार मेनुका ढुङ्गाना (अछाम) लाई यस वर्षको **मानव अधिकार पुरस्कार- २०८२** प्रदान गरिने भएको छ ।

आयोगका माननीय सदस्य मनोज दुवाडीको संयोजकत्वमा गठित सिफारिस समितिको सिफारिसमा आयोगको मिति २०८२ मंसिर १६ गते बसेको वैठकले सो निर्णय गरेको हो ।

मानव अधिकार सम्मान र पुरस्कारको राशी ५० हजार रुपैयाँसहित सम्मानपत्र/प्रमाणपत्र रहेको छ । सम्मान र पुरस्कार २०८२ मङ्सिर २४ गते अन्तर्राष्ट्रिय मानव अधिकार दिवस (१० डिसेम्बर) को कार्यक्रमका विच प्रदान गरिने छ ।

पुरस्कृत दुवै अधिकारकर्मीहरुलाई आयोग वधाई ज्ञापन गर्दछ ।

डा. टीकाराम पोखरेल
प्रवक्ता/सहसचिव


फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५४४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल
Phone: +977-1-5010015, Fax: +977-1-5447973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org